नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोनः ४२११५६१,
४२६४६८६,४२६२०५६,
४२००८९५

सिंहदरबार,
काठमाडौं, नेपाल

पत्र संख्याः- ०८२।८३
च.नं.:- ९४०५

मितिः २०८३/०१/१०
ने.सं. ११४६ वछलाथ्व, विहिबार

**श्री जिल्ला प्रशासन कार्यालय, सबै।**

**विषय : राष्ट्रिय परिचयपत्र रद्द सम्बन्धमा।**

राष्ट्रिय परिचयपत्रको लागि नागरिकको वैयक्तिक तथा जैविक विवरण राष्ट्रिय परिचयपत्र व्यवस्थापन सूचना प्रणालीमा प्रविष्ट गरे पश्चात राष्ट्रिय परिचयपत्र जारी (Generate) हुने गरेको छ। यसरी जारी (Generated) भएको राष्ट्रिय परिचयपत्र राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन,२०७६ को दफा १३ उपदफा (१) मा राष्ट्रिय परिचयपत्र रद्ध सम्बन्धी व्यवस्था रहेको छ। सो सम्बन्धमा गृह मन्त्रालयको पत्र संख्या ८४२०७, च.नं.६२७, मिति २०८२/१२/१८ गतेको पत्रबाट मिति २०८२/१२/१८ (माननीय गृहमन्त्रीस्तर) निर्णयानुसार राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण ऐन,२०७६ को दफा १३ को उपदफा (१) को खण्ड (ख) र (घ) बमोजिमका राष्ट्रिय परिचयपत्र रद्ध गर्ने अधिकार सम्बन्धित प्रमुख जिल्ला अधिकारीलाई प्रदान गर्ने निर्णय भई आएकोले तँहाबाट राष्ट्रिय परिचयपत्र रद्ध सम्बन्धी आवश्यक निर्णय गरी देहाय बमोजिम गर्नु गराउनु हुन विभागको मिति २०८३/०१/१० को निर्णयानुसार अनुरोध छ।

देहायः

१. दोहोरो नागरिकता प्राप्त गरेका नागरिकबाट राष्ट्रिय परिचयपत्रको विवरण संकलन/अद्यावधिक गर्दा यसै पत्रसाथ संलग्न स्वीकृत विधि/प्रकृया (Business Process) अनुसार गर्ने व्यवस्था मिलाउनुहुन।
२. प्रत्येक जिल्ला प्रशासन कार्यालयको राष्ट्रिय परिचयपत्र इकाईमा रहेको स्टेशनहरु मध्येबाट यस किसिमको विवरण दर्ताको लागि एक/एक वटा विवरण दर्ता अपरेटर (Working Station) तथा रुजु अधिकारी (सम्भव भएसम्म अधिकृतस्तरको) तोकि विभागमा जानकारी गराउनुहुन।
३. दोहोरो नागरिकता रद्ध तथा राष्ट्रिय परिचयपत्र रद्धको निर्णय पश्चात विवरण अद्यावधिक भई थप रुजु (More Verification) गर्ने कार्य विभागबाट सम्पादन गरिने हुँदा यस विभागमा पत्राचार गरी जानकारी गराउने।
४. अन्य कागजात, विवरण, प्रमाण तथा प्रकृयाको हकमा संलग्न Process अनुसार गर्नुहुन।
५. आवश्यक सहयोग तथा सहजीकरणका लागि विभागको जिल्लागत रुपमा तोकिएका Technical Support मा सम्पर्क गर्नुहुन।

..................
कमल प्रसाद पाण्डे
निर्देशक

बोधार्थः
श्री गृह मन्त्रालय, सिंहदरबार, काठमाडौं।
श्रीमान् महानिर्देशकज्यू, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।
श्री प्रशासन, योजना तथा अनुगमन शाखा/सूचना प्रविधि शाखा, राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग।

नेपाल सरकार
गृह मन्त्रालय
राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभाग

टेलिफोनः ४२११५६१, ४२६४६८६,४२६२०५६, ४२००८९५

सिंहदरबार, काठमाडौं, नेपाल

पत्र संख्याः- ०८२।८३
च.नं.:-

## कार्य सम्पादन गर्ने विधि(Business Process)

### क.दोहोरा नागरिकता पेश गरी आवेदन पेश गरेका नागरिकताको परिचय नम्बर सम्बन्धी प्रक्रिया(Process)

क) NIN Consultation मार्फत नागरिकको Valid NIN मा कायम/रद्ध भएको नागरिकता यकीन गरी मात्र प्रकृया अगाडी बढाउने।

ख) कायम रहेको नागरिकताको हकमा अद्यावधिक (Update) गर्नु नपर्ने।

ग) रद्द भएको नागरिकताबाट पेश भएको आवेदन Validate भई NID कार्डको Create Status मा रहेको (नछापिएको) तर नागरिकले कायम भएको नागरिकताबाट पुनः आवेदन पेश गर्नु परेमा Create भएको Valid NIN प्रयोग गरी Citizen Data Update Before Personalization बाट Enrollment गर्ने/गराउने।

घ) रद्द भएको नागरिकताबाट पेश भएको आवेदन Validate भई NIN जारी भई Card समेत जारी भएको तर नागरिकले कायम भएको नागरिकताबाट पुनः आवेदन पेश भएमा NIN बाट जारी भएको NID Card लाई प्रमुख जिल्ला अधिकारीको निर्णयअनुसार रद्द गरी NID Card Replacement बाट Enrollment गर्ने/गराउने।

ङ) रद्द भएको नागरिकताबाट पेश भएको आवेदन Validate भई NIN जारी भई Card जारी नभएको तर नागरिकले कायम भएको नागरिकताबाट पुनः आवेदन पेश भएमा NIN बाट छापिएको NID Card लाई प्रमुख जिल्ला अधिकारीको निर्णयअनुसार रद्द गरी NID Card Request After Card Rejection बाट Enrollment गर्ने/गराउने।

च) यसरी Enrollment गर्दा को Remarks मा अनिवार्य **दोहोरो नागरिकताको विवरण** जनाउने।

### माथि उल्लेखित प्रक्रिया गर्दा NIDMIS मा Attach गर्नुपर्ने आवश्यक कागजातहरु

क) नागरिकता खारेज/रद्ध सम्बन्धी जिल्ला प्रशासन कार्यालयको पत्र,

ख) प्रमुख जिल्ला अधिकारीद्वारा नागरिकता खारेज/रद्ध गर्दा गरिएको निर्णय पर्चा/आदेशको प्रतिलिपी,

ग) राष्ट्रिय परिचयपत्र छपाई(प्रिन्ट) भएको भए सोको सक्कल कार्ड खिच्ने र राजश्व तिरेको रसिद/प्रमाण

घ) राष्ट्रिय परिचयपत्रका लागि आवेदन दिएका रुजु फारामहरु (Confirmation Pages),

ङ) सम्बन्ध विच्छेद/विवाह दर्ता भएकाको हकमा सो प्रमाणपत्रको प्रतिलिपी,

च) बसाई सराई गरेकाको हकमा सोको प्रमाणपत्रको प्रतिलिपी,

छ) अदालत तथा न्यायालयको फैसलाको प्रतिलपी।